* पूर्विया ब्राह्मण क्षत्रीय को प्रादुर्भाव *

नेपालमा बस्ने यावतीय ब्राह्मण तथा क्षत्रियहरू भारतीय ब्राह्मण तथा क्षत्रीय वंशहरूका शाखा हुन् । नेपालबासी ब्राह्मणहरू भारतवर्षमा यवन आतंकले डराई आफ्नु धर्म बचाउन क्रमशः भारत छाड़ी नेपालमा पसी आफ्नो बसोबासी गर्दै नेपालका पहाड़ी अंचलमा चारै तिर फैलिदै गएका हुन् ।

अघि नेपालमा बाइसे चौबिसे राजा भएका बखत ती बाइसे चौबिसे राजा-हरूले आफ्ना आफ्ना पालामा भारतवर्ष तथा काशी वा तिरहुतबाट पढ़े लेखेका विद्वान ब्राह्मण हरूलाई झिकाई ठूलो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मान गुरु प्रोहिती समेत दिने गरेकोले पनि नेपालमा अनेक ब्राह्मणहरूको बस्ती बढदै गएको हो।

नेपालमा ब्राह्मणहरूको प्रवेश सर्व प्रथम सोमबंशी राजा पशु प्रेक्षदेवका पाला देखि प्रारम्भ भयेको हो। नेपाली ब्राह्मणहरू भारतका अनेक प्रान्तवाट (यथा कान्य कुब्ज, तिरहुत दक्षिणात्य वा सरयूपारी किवा गौड़) गयेका भए पनि नेपालमा आफ्नो एउटा संगठन गरी एउटै ब्राह्मण जाति बनाई आफ्नो संज्ञा पूर्विया कहलाई बसेका छन्। जस्ता प्रकार भारतीय प्रान्तहरूका अनेक ब्राह्मणहरूले नेपाल पसी त्यहाँ आफ्नो बसोबासो बनाएका थिए त्यस्तै किसिमले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनेक भारतीय ब्राह्मणहरूले कुर्माञ्चल-का पर्वतीय अंशमा आफ्नो बसो बासो बनाउदै गयेका थिए। नेपाल राज्य तथा कुर्माञ्चल प्रदेशको सीमा जोरिए को हुनाले र सम-आपतले भारतवाट गई बस्ने द्वैस्थानका ब्राह्मणहरूले हजारौं वर्ष देखि परस्परमा आफ्नो विवाह सम्बन्ध गरी आउने गरेको थियो पछी राजा पृथ्वीनारायण शाहले नेपाल राज्यको संगठन गरे पछी तथा राजा रणबहादुर शाहले कुर्माञ्चल प्रदेश सम्म नेपाल राज्य विस्तार गरे पछी द्वै स्थानाधि-वासी ब्राह्मणहरूको आफ्ना सम्बन्ध झन् दृढ़ हुँदै गई तीनीहरू भयासमिस भई नेपाल र कुर्माञ्चलमा फैलिएका थिए।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पछी आजका दुई शताब्दी अघि भएको नेपाल-अंग्रेज समरले नेपालवाट कुर्माञ्चल प्रदेश छुट्टिएकोले र त्यस् राज्य-भागको छुट्टिनामा कुर्माञ्चलवासी ब्राह्मण-हरूको षडयंत्र हुनाले नेपालीहरूले कुर्माञ्चलवासीहरू सँग आफ्नो सम्बन्ध गर्न छाड़दै गएका थिए। अवश्य पछी पनि कुर्माञ्चल प्रदेश त्याग गरी नेपालमा बसोबासो गर्दै जाने ब्राह्मणहरूलाई नेपाली ब्राह्मणहरूले आफ्ना पंक्तिमा लिन छाड़ेका थिएनन्। यस किसिमले हाम्रा नेपालका पूर्बिया संज्ञा हुने ब्राह्मणहरूका थरमा भारतीय ब्राह्मणहरूको (यथा कान्यकुब्ज तिरहुत, दक्षिणात्य, सरयू-पारिका र गौड़ तथा कुर्माञ्चल प्रदेशीय

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थर पाइन्छन् । नेपाल गई बसोबासो गरी सके पछी अनेक ब्राह्मणहरूको थर गर्ने कामका नाममा वा बसेका गाउँका नाममा वा वस्तु विशेषताका नाममा पनि पर्न गएकोछ । यथा कोइराला वन नजीक बस्ने, वासकोटमा वस्नेहरू—कोइराला, सापकोटा, खतिवड़ा, वासकोटा कहलाएका छन् ।

पछी नेपालका पहिला कँवर खलकका राणा प्रधान मंत्री जंगबहादुरले कुर्मांचल अधिवासी विजयराज पाण्डेलाई नेपाल राज्यको वंशानुक्रमीक गुरुज्यूपद दिए पछी गएका कुर्मांचली ब्राह्मणहरू नेपाल का कुमाई बाहुन कहलाई नेपाली अधिवासी भएका हुन्, नेपालमा परस्पर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सम्बन्ध भएका ती कुमाई ब्राह्मणहरू आफुलाई पाको कुमाई भन्दछन्। तथा कुर्माञ्चलवाट गएका नेपाली सित सम्बन्ध न भएका र कुर्माञ्चलमा रहेका अन्य ब्राह्मणलाई तिनीहरू काचो कुमाई भन्दछन् अवश्य ती काचा कहलाउने कुमाई ब्राह्मणको सम्बन्ध पाका कहलाउने कुमाई परिवार सँग भए पछी ती सम्बन्ध भएका काचा पनि पाका कुमाई ब्राह्मणका पंक्तिमा आउछन्।

जस्ता प्रकार नेपालमा भारतीय ब्राह्मणहरुले प्रवेश गरे त्यसै किसिमले भारतीय क्षत्रीयहरु पनि नेपालमा गएका हुन्। नेपालका शाह वंशका महाराजाधिराजहरूका पुर्खाहरू भारतवर्षका मेवाड़

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रान्तका उदयपुरका महाराणा वंशको शाखाहो । नेपालमा राणा कहलाउनेहरु कँवर क्षत्री खलकका हुन् । जंगबहादुरले नेपालको एकेश्वर पद पाए पछी आफु-लाई ठूलो दात्री भनाउन आफ्नो पुरानो वंश थर कँवरका ठाउँमा राणा लेख्ने गरे पछी जंगबहादुर र तिन्का ७ भाईका छोरा संतान मात्रले आफुलाई राणा लेख्न थालेका हुन् । राणाहरूले अन्य कुनै जातिकी स्त्री ल्याएमा, राखेमा, विवाह गरेमा, त्यस्का जारज वा अजारज सबै सन्तान राणा कहलाउँछ । अवश्य शाह खलक तथा धनी ठकुरी हरूले पनि त्यस्को नक्कल गरेर आफ्ना जारज अजारज संतान लाई पनि शाह पंक्ति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मै राख्ने गरेका छन्। नेपालमा ब्राह्मण-
ले ब्राह्मणेत्तर जातिलाई राखेमा स्त्रीका
जाति पदका अनुसार हमाल, क्षत्री खत्री
थर वालो भई सोही अनुरूप जातिका
पंक्तिमा मिलदछन्। आफ्ना जाति देखी
बाहेक यिनीहरू कसैले छोयेको खाँदैनन्।
एकै गोत्रमा पुरोहित पनि बनाउँदैनन्।
विहावारी पनि गर्दैनन्। छोराका विवा-
हमा तिलक छोरीका विवाहमा खर्च पनि
गर्दैन्। तामचीनका भाँडा भन्सामा
लाँदैनन्। माटाको भाँडा जूठो परे फेरि
व्यवहार गर्दैनन्। नीर परेको चोलो लाई
स्वास्नी मानिसहरू भान्सामा जाँदैनन्।
लोग्ने मानिसहरु सीयेको लुगा लाई
भान्सामा कुल्चदैनन्। मुसाले, भडेराले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छोएको भान्सा पनि चलउँदैनन् । धनी-गरीबको भान्सा बेग्लै हुँदैन । पुगीसरी आउनेको भान्सा पसे पछी ओल्हदैनन् । आचमन गरी भन्सामा जान्छन् । नप-छारेको धोतीले कुनै देव, पितृ कार्य गर्दैनन् । खाएको भान्सा गरीबले पनि छोड्दैनन् । न चिन्हेको भए पनि पूर्बिया ब्राह्मण हूँ भने भन्सामा मिलाउँछन् । विवाह, व्रतबन्ध न गरेका छोरा छोरी लाई पनि जाँड, रक्सी, कुखुराको मासु खुवाउँदैनन् । च्याउ, लसुन, छयापी, गाजर, सलगम, रानभोड़ा, तुम्बा, घाँटी-छिनेको डल्लो लौका, रातो डल्लोमुला, इँइको साग, प्याज, मसुरीको दाल, कोदो, खाँदैनन् । जिम्बु खाने आजकल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चलन चलेको छ। सिमी बोडीको तर्कारी बासी पारी पनि खाँदैनन्। लुगा लाएर पनि छुँदैनन्। मासु मिसेको तोरिञ्जा, तल बसी खाँदैनन्। घिवै घिउमा पकाएको ढकने खान्छन्। लुगालाइ खीर खाँदैनन्। तिल हालेको आलुको अचार जुठो मान्दछन्। पानी न हालेको आलुको तरकारी शूद्रका हातवाट बनेको पनि खान्छन्। बजारमा भुटेको बदाम सम्मको व्यवहार गर्दछन्। मकै, भटमासहरू बजारको खाँदैनन्। एउटै हातले तरकारी अचार, च्यूरा, दही, तेल, पुरी, खाँदैनन्। दही च्यूरा तल बसी खाँदा जूठो मान्दछन्। दहीमा पेड़ा वर्फीहरू हाली खाँन्छन्। एकादशीमा गहूँका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पीठोको फलहार गर्दछन् । पूरी, तरकारी खाँदा कुमाईका पंक्तिमा पनि बसी खान्छन् । न छुने भएका चार दिनमा स्वास्नी मानिस शुद्ध हुन्छन्, परन्तु पाँच दिन न भई पानी छुँदैनन् । कुमाईका छोरी पूर्वियाले बिवाह गर्दैनन् । शूद्रका घरमा पुरी तर्कारी पनि खाँदैनन् । च्यूरा, अचार, तर्कारीहरु पनि प्रायः लुगा लाई खानेपीने गर्दैनन् । स्त्रीहरु पतिव्रता हुन्छन् । ब्राह्मणहरु वेदमा श्रद्धा राख्छन् । आपसमा मेलमिलाप हुन्छ । सबै जाना नैष्ठिक हुन्छन् ।

❋ कुमाई ब्राह्मणको रीतिस्थिति ❋

पश्चिम कुमाऊ अलमोड़ा तिर गई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बसेका ब्राह्मण हरुलाई कुमाई भन्दछन्। यिनीहरू धेरैपछी त्यसतर्फबाट नेपालमा आयेका हुनाले, पूर्बियाहरू इन्का हात-बाट भात खाँदैनन्। यिनीहरू पनि पूर्बियाका हातको भात खाँदैनन्। परन्तु पूर्बियाकी छोरी बिवाह गरी तिन्का हात् बाट भने भात खान्छन्। यिनीहरु पठित बुद्धिमान् हुन्छन्। एकै गोत्रका पुरोहित पनि गर्दछन्, बिवाह पनि गर्दछन् छोरी-को विवाहमा दुलाहाका साथ पुरोहितको पनि वरणी गर्दछन्। यिनीहरूको विवाह वासिष्ठी विधिले हुन्छ। यौटै घरमा चार पाँच भान्सा पनि हुन्छन्। भान्सा बाट उफ्रेर ओल्हन्छन्। भान्सा पसे पछी न खाईसकी छोड्दैनन्। यौटा हातले केही

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चीज पनि भान्सामा ओहालनु उकालनु गर्दैनन् । भान्साबाट पानी सम्म पनि मन्तिर हाल्दैनन् । न छुने न होउन्जेल सम्म बुहारीका हातको भात खाँदैनन् । पानी न अचाई भान्सामा जाँदैनन् । तल्ला जातले छोएको सेल, पुरी खाँदैनन् । पूर्बियाका भैं लसुन, प्याजहरू छुँदैनन् । कुमाइहरु काँचा, पाका दुइ थरीका हुन्छन् । अघि देखी आएका लाई पाका कुमाई भन्दछन्, पछि बाट आएका लाई काँचा कुमाई भन्दछन् । काँचा कुमाईका हातको भात पाका कुमाइ खाँदैनन्, तिनीहरू सित विहा वारी पनि गर्दैनन् । यिनीहरूमा छोरी, बुहारी बिग्री पञ्चायत हुने चाल बहुत कमछ । यिनका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्त्रीहरू पठित, समझदार, बोलक्कड़ पनि हुन्छन्। निष्ठाकर्म यिनीहरू विशेष गर्दछन्। कोदो, भटमास, मुसुरो सामाहरू पनि खान्छन्। न चिन्हेकालाई हुक्का सम्म पनि दिदैनन्। इन्मा पनि वैकल्य वाग्दान भई सके पछी केटोको मृत्यु भई रहेकि कन्या ब्राह्मणले विवाह गरी त्यस्वाट जन्मेको छोरो उत्तम जैसी हुन्छ।

जैसी बाहुनको प्रादुर्भाव।

उपाध्याय ब्राह्मणले बालविधवा ब्राह्मणीलाई लगी भएका सन्तानहरू उत्तम जैसीमा गनिन्छन्। संतान न भएका विधवा ब्राह्मणीलाई ब्राह्मणले लगी भएका संतानहरू मध्यम जैसी कहलाउँछन्। [illegible] विधवा ब्राह्मणीलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्राह्मणले लगी भएका संतानहरू ठिकैका जैसी कहलाउँछन् । यिनीहरू तीनै थरीलाई ब्रह्म गायत्रीको अधिकार छ । यिनीहरू पूर्बिया र कुमाइ दुवैका थरीका हुन्छन् । व्यवहारमा उपाध्याय ब्राह्मणले गरे झैं गर्दछन् । अभक्ष खाँदैनन् । पाँच, सात पुस्ता बिते पछी झर्रा जैसी कहलाउँन्, समझदार हुन्छन् । पहाड़ तिर कहीं कहीं हलो पनि जोत्तछन् ।

हमालको प्रादुर्भाव ।

उपाध्याय ब्राह्मणहरूले ठकुरीकी अविवाहिता कन्यालाइ बिवाह गरी ल्याएकाबाट भयेका सन्तानहरू उत्तम हमाल कहाउँछन् । ब्राह्मणले सन्तान न भएका विधवालाइ ल्याएका बाट भएका छोरा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छोरीहरू मध्यम हमालमा गिनिन्छन्। छोरा छोरी पाइसकेकी लाई ब्राह्मणले ल्याई भएका सन्तानहरू केही कम दर्जा का हमाल कहलाउँछन्। यिनीहरू सबै को व्यवहार समान रीतिको छ। अभक्ष कुरा खाँदैनन्। जाँड़ रक्सी छुँदैनन्। धर्मात्मा, शूर, नीतिज्ञ, पैसावाल, बुद्धिमान् हुन्छन्। ब्राह्मणहरूमा बहुतै श्रद्धा राख्दछन्।

भाटको प्रादुर्भाव।

आफ्नो सत्य डगाई बिग्रेकी ब्राह्मणीलाई क्षत्रिय, शूद्रहरूले राखी त्यताबाट भएका सन्तानहरूलाई भाट भन्छन्। विद्याको घर ब्राह्मणै हुँदा ब्राह्मणीमा पनि त्यसको अंश आउनाले यिनका सन्तान

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कविता बनाई अर्काको यश वर्णन गर्द-छन् । यिनीहरूको चाल चलन जसवाट पैदा भएका हुन्छन् उनैहरूका जस्तो हुन्छ कविता गर्नु वाहेक यिनीहरूको अरु कुनै पेशा हुँदैन ।

नगरकोटीको प्रादुर्भाव ।

ब्राह्मण वाहेक अन्य क्षत्रिय, वैश्य शूद्रहरूले नेवार्नीलाई राखी त्यताबाट भएका सन्तानहरू नगरकोटी कहाउँ-छन् । नगरकोटमा बस्ने नेवारलाई पनि नगरकोटी भन्दछन् । नेवारहहरूलाई जंगीमा भर्ती न गर्ने चाल छ ता पनि नगरकोटीलाई जंगीमा भर्ती गर्दछन् । यिनीहरू शूरा, बलिया, ईमानदार हुन्छन् । चाल चलन नेवारकै जस्तो हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किरातीको प्रादुर्भाव।

राइ जन्म कथा बुढि र रूढ़ीमा जस्तो सुनेको थियें। सोही आज यहाँ बुझुन् सब भनि ऐल्हे त लेखि दिएँ। राई हुन् ती किराँत-वासिहरू हुन् नेपालका आदिका। इन्को वंश शुरू भयो कसरी त्यो त्यस्को छ यौटा कथा ॥१॥

आदिमा भइ क्वै जनानि उनले स्वामी गरो वायुमा। तिन्को गर्भ रहि निनामी भनिने पैदा भइन् कन्यका। कन्या ती अति रूपकी समयले यौवन्-वती भै गइन्। आमामा कसरी मलाई तिमिले पायौ सुध्याई लिइन् ॥२॥

यौवन्मा पुगी पुत्रि लौ अब भनी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जानेर आमा पनो । वायू स्वामि गरि भयो तिमि यहाँ भन्ने बुझाइन् भनी । सोही बात लिइ निनामी पनि गै क्यै शून्य डाँड़ा महाँ । आवाहन् गरि स्वामी लौ हुनु हवस् भन्दि भइन् वायुमा ॥३॥

वायूले पनि भै प्रकट उहि घरि पुत्रो तिमी हो भनी । आवाहन् गर शुक्रका मनसुबा पुग्नेछ तिम्रो पनि । आज्ञाले गरि वायुका पति मिलुन् श्री शुक्रजीनै भनी । लागिन् गर्न निनामि तप् उ बनमा एकाग्रता ली अनो ॥४॥

शुक्रास्तै भई शुक्र आउन तहाँ सक्ने न हुँदा महाँ । झुक्याइन श्री वृहस्पति पुगे निनामी ती थिन् जहाँ ॥ साम्ने देखि बुढा वृहस्पतिजि ती कुप्रा स्वरूपी पनि ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

फर्काइन् मुख ती निनामी रिसले होला कउन् यो भनि ॥५॥

देखि त्यो अपमान आफ्नु गुरुले ज्यादै रिसाइकन। सूर्यै तेज बढाइ पानी जगको शोषण् गरे तत्क्षण। सुख्दा वापी तलाऊ सागर नदी हा हा पऱ्या पृथ्वी-मा। पानी खान न पाइ मूर्छित भई लोटिन नीमामी तहाँ ॥६॥

मूर्छित सुन्दरी लाइ देखि गुरुले मन्मा दया क्यै लिए। मुत्रै आफ्नु गरी खुबाइकन त्यो मुर्छा खुलाइ दिए। पर्दा मुत्र उहि बृहस्पतिजीको गर्भस्थ भो बालख। जन्म्या ति पछि त्यै क्रमै गरी तहाँ सन्तान सातै थर ॥७॥

पैल्हा भो पतिगर द्वितीय हुन गो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

काँढ़ा र तेश्रो पनी । चौथो भो भुसुनो अनि पछि भया बाँदर् त पाँचौ भनि । छैटौं सिंह भयो तहाँ पछि भयो सातौं किराती नर । उत्पती यहि भन्दछन् सकलले हो किम्बदन्ति तर ॥८॥

पूर्व माझ किराँतमा बस्ने लिम्बू जात लाई किराँती भन्दछन् । यिनीहरू शूरा, बलिया, झोक्की र सोझा हुन्छन् । कसैको विझाजी सहन सक्तैनन् । यिनीहरूलाई सबै सुधा भन्दछन् । जाँड़, रक्सी खान्छन्, सुँगुरको पनि व्यवहार गर्ने प्रायशः देखिन्छ । विवाह आफ्ना खुशीले गर्दछन् । छोरी, बुहारी माथी कसैले कुदृष्टि लगायो भने मारी दिन्छन् । यिनीहरूकै जातमा महादेवले समेत अवतार लिएको थियो ॥९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गुरुङ्को प्रादुर्भाव।

प्यूठानाका भारद्वाज गोत्री सूर्य्यवंशी राजाबाट पैदा भएका जेठा छोरा लोचन, आफ्ना गुरु पुरोहित गर्न गोत्रावाल ब्राह्मणलाइ र करसि खवासलाई लिई तपस्या गर्न गएका बखत वेश्याहरूले धोका दिई रक्सी, जाँड खुवाई जातलिइ दिएको हुनाले, त्यस बखत देखि यिनोहरूले आफ्नो जात गुरुङ् भन्ने राखे। लोचन का जेठा घले महागुरुङ्, माहिला घोताने महागुरुङ्, कान्छा लामा महागुरुङ्, समेत तीन छोरा भये, बलि आचार्यका जेठा लामिछाने महागुरुङ् कान्छा प्लोने लामिछाने महागुरुङ् समेत दुइ छोरा भये। यिनोहरूले चार जात कायम गरी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आपसमा विहावारी खोले । करसि थापा का पायु थापा, डोर थापा, केपचै थापा, क्रोचै थापा, घ्यावृङ् थापा, दोचैंथापा, प्रुचै थापा, थींचै थापा, योचथापा, खुलाल थापा, भयचै थापा, कोके थापा, कुपचै थापा, नानचै थापा, लेगै थापा, रूपचै थापा, समेत सोह्र छोरा जन्मी सोह्र जात भये । यिनीहरूको विहावारी सोह्रै जात मा मात्र हुन्छ, माथीका चारजातमा हुँदैन । उनीहरू यिनीहरु सित सब तरह विवाहको चाकरी बाकरी लिन्छन् । सोह्र जातको विवाह हुँदा चार जात बसी दुलहा, दुलही लाई टीको लाइदिन्छन् । चार जातका-मर्दा ब्राह्मण क्षत्रियका भैं काम-काज गर्दछन् । यिनीहरु अथर्ववेद

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

को मत मान्ने हुँदा मरेका महिना देखि विजोर महिना पारी प्रेतमुक्तिलाई मद-खाने लामाहरू ल्याई अर्घौं गर्दछन्। साउने संक्रान्तिमा, दशैको फूलपातीका दिन ब्राह्मणबाट तर्पण श्राद्ध गराउँदैछन्। न्वारान् पास्नी पनि ब्राह्मणै पुरोहितबाट गर्दछन्। मामाकी छोरी फुफूका छोरा-लाई, फुफुकी छोरी मामाका छोरालाई दिन्छन्। दुबै थरी गुरुङ कागे भेडो छुँदै-नन्। सोह जातकाहरु भैंसीको मासु खान्-छन्। यिनीहरु मर्दा ध्याबृङ् जातमा पुरोहितले ढ्याङ्रो ठटाई विजोर महीना मा अर्घौं गर्दछन्। चार जातको विवाह ब्राह्मणै गराउँदछन्। कुनै कन्न्या सित प्रेम बस्यो भने त्यसलाई ज्यान गए पनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्कालाई लान दिंदैन् । सोझा, इमान्दार्, लड़ाकी हुन्छन् । जाँड, रक्सी कुखुरा, सुँगुर खान्छन् ।

मगरको प्रादुर्भाव ।

गोर्खामा दशौं गर्दा ठकुरी राणालाई राजा तुल्याई मैले गर्ने काम गर भनी दशौं घरको अधिकार दिएकाले मगरको जात खडा भएको हो । यिनीहरू सुङ्गुर खान्छन् परन्तु यिनीहरूका प्रोहित ब्राह्मणै हुन्छन् । हाँस, कुखुरा, जाँड, रक्सी खान्छन् । संग्राम् गर्न सिपालु छन् जहि पनि जित्छन् ई योद्धाहरु । गोर्खा फौजमा छन् । अति सूरा इन्को बयान् क्यागरु ॥ "राना" यो पनि थर्छ ई मगरको हुन्छन् बलीया अती । मामाचेली बिवाह

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्छन् सबै यस्तै छ इन्को मती । खान्छन् ईं मदिरा सुँगुर् र रजहाँस् खूशी भई मन्महाँ । छेत्रीबाट मगर् भयो भनि सबै बृद्धादि भन्छन् यहाँ ॥१॥ बोहा हूँनु कता छ साहिनु अघर ईनीहरु लाउँछन् । मामा का सुतलाइ भेटि इनिले जेठान् हो भन्द-छन् । क्वै कन्यासित प्रेम् बस्यो यदि भने ल्याएर घर्मा तिनी । खान्छन् दाल्-रढिडो मगर्हरु सबै क्यै छैन हर्जाभनी ॥२॥ फुल्पातींकि अगाड़ि षष्टि तिथिको साँझ् मा तयारी गरी । गर्छन् श्राद्ध महालयै तिनिहरु अड्का परेका घरी ॥ प्रोहित ब्राह्मण हुन् सिधा र दछिना लीयेर जान्छन् घर । खानै पर्छ भनी मगरहरु कुनै लाउन्न कैल्यै कर ॥३॥ जूँघादारि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुँदैन ई मगरको नाक् हुन्छ थेप्चो अति । साना छन् शिर नेत्र ता धरमा देखिन्छ इन्को मति ॥ मामाका छोरा लाई जेठान भन्दछन् । मामा चेली पाए सम्म अरु विवाह गर्दैनन् । कुनै कन्न्या सित चित्त मिल्यो भने घरमा ल्याई दाल, ढोंडो खान्छन् । अड्को पर्दा महालय श्राद्ध गर्दछन् । यिनीहरुका प्रोहित ब्राह्मणै हुन्छन् । काम काज पनि ब्राह्मण क्षत्रियका सदृश गर्दछन् । बहादुर हुन्छन्, सोझो, ईमान्दारीका साथ काम गर्ने हुन्छम् । कसैको लोलो पोतो मा लाग्दैनम् । निमकलाई भन्दा ज्यान दिन्छन् । विहाबारी पनि ब्राह्मण, क्षत्रिय का सरह गर्दछन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

घर्तीको प्रादुर्भाव।

कमारा, कमारीलाइ तेल ठोकी पर गर्दिएको हुँदा पारेघर्तीको जात भएको हो। घर्तिनीलाइ कमाराले राखी जन्मेका संतान पनि घर्ती हुन्छन्। यिनीहरूको विहावारी चाल चलन सबै कमारा कमारी कै सरह हुन्छ। यिनीहरूको गोत्र प्रवरकाश्यप गोत्रस्य काश्यप, आवत्सार, नैध्रुवेति त्रिप्रवरस्य हो।

सगोत्री संगको विहावारी।

परिणीय सगोत्रान्तु समान प्रवरान्तथा। त्यागं कुर्याद् द्विजस्तस्यास्ततश्चान्द्राणं चरेत्॥ समान प्रवरा कन्यामेकगोत्रा मथा पिवा॥ विवाहयति यो मूढस्तस्य वक्ष्यामि निष्कृतिम्॥ उत्सृज्य तान्ततो भार्यां मातृवत् परिपालयेत्॥ वसिष्ठ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्नु हुन्न सगोत्रिका साँग विहा, कस्तै हवस् ता पनी । गर्नैपर्छ नरक् फरक् रति न भै कोरो उसैको बनी ॥ दान् गर्नु, लिनु दान्दिनू हरु कुनै ठिक् हुँन्न यस्ता महाँ । गर्ने चाहिं मिच्याजि पर्छ नपरी छोड्दैन कैल्यै यहाँ ॥

(१)

राख्नू पछ बिचार गोत्रिहरूको, फेर्-फार् न पर्ने गरी । फेरफार् पर्नगए हुँदैन बढिया कैल्यै पनी लोक् भरी ॥ आफ्नू गोत्र समान् सगोत्रिहरूको जस्ले विचार गर्दछन् । सब् भन्दा बढियाँ तिनै हुनगई आनन्दमा पर्दछन् ॥

(२)

चौराशीकन संझि संझि त असल्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चैतन्य चोला महाँ। गनू छैन खराब काम कहिले कोनै तवर्की यहाँ॥ जान्ने लाई सगोत्रि झैं अरु नजिक कोनै हुँदै-नन् कहीं। इन्का साथ उचित गरे हुँदि उचित पाइन्छ फलभोग यहीं॥

सगोत्रिको विचार जस्तो अरु छैन केही। सगोत्रिको बिचार छोड़े नाश गर्छ तेही॥ सगोत्रिको विवेक राक्ने सबै ताप हर्छन्। सगोत्रिको विवेकैले अन्त्य पार तर्छन्॥

(३)

एकै गोत्र, एकै प्रवर एकै शाखा-लाई। आफ्नै गोत्र ठानी बस्नू प्रीती खुब् बढाई॥ सगोत्रिमा दिने लिने नरक-मा पर्छन्। अन्त्यमा तिनै बद्नाम भई बद्नामैले मर्छन्॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(४)

ब्राह्मणले क्षत्रियको छोरी ल्याई याहाँ । साथ पुस्ता सम्म दिये कन्न्या ब्राह्मण माहाँ ॥ क्षत्रियको कन्न्या पनि ब्राह्मणिनै हुन्छे । ब्राह्मणिको मन्त्र पनि अधिकार् भै सुन्छे ।

(५)

एकै गोत्र, प्रवरमा न जानि क्यै बात । विहावारि, गऱ्या लाइ सारा विधि साथ ॥ कन्न्या लाइ छोडिदिनु चन्द्रायण गर्नू । खान पिन दिइ कन, टाढैलगि धर्नू ॥

(६)

जानि जानि विहा गरे सगोत्रिका साथ । चान्द्रायण दोवर् गर्नू राख्नलाई जात ॥ कन्न्या पनि फरक् भइ गरोस

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यहि काम। यति गरि राखोस् आफ्नो अन्त्य स्वर्गधाम।

(७)

एकै गोत्र महाँ भए छोरा छोरि केही। चाण्डालको जात पाई हुन्छ भाव तेही॥ ब्राह्मणिमा शूद्र देखि भए सन्तान याहाँ। चाण्डालनै तिनिहरू हुन्छन् लोकमाहाँ।

(८)

जुठो लाग्छ सगोत्रिको विचार् गरे केही। धर्मशास्त्र जान्नेहरू ख्याल राख्छन् येही॥ एकै गोत्र जानी जानी प्रोहित् हुनुहुन्न। यस्ता काम्मा पैसा सम्म लिन छुनुहुन्न॥

(९)

कन्न्यादान, लिनु, दिनु, पुज्नु छोडि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दीनू । सगोत्रिमा पौत्रै जस्तो नाता जोडि लीनू ॥ दुवै लोक सप्रने काम् हेरी बुझि गर्नोस् । न असलको बाटो छोडी, असल बाटो धर्नोस् ॥

(१०)

दुई चम्के गरिकन विहा गर्नुहुन्न । यस्तो धन आफ्ना घर्मा काटे धर्नुहुन्न ॥ शंकट परे विहा सम्म गरिदिन हुन्छ । कन्न्यै लाई दिने गरी लिए लिनुहुन्छ ॥

(११)

यौटैलाई दुइ छोरी दिनुहुन्न जाती । यस्ले पछन् आपत्हरू आइ भाँति भाँति ॥ जेठो मरी कान्छी दिए दिनु-हुन्छ दीनू । बाँचो बाँची दिदा हुँदि पाप पर्छ लीनू ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

[१२]

एकै आँत्का दुइ मिली, एकै लगन् माहाँ । एकै आँत्का दुइ छोरी, लिनुहुन्न याहाँ ॥ निषेध् गछ शास्त्र साह्रै, हेंला गर्छ बेद । अकल्याण हुने यस्मा अनेक् छन् भेद ॥

[१३]

साल भर पर भए हुन्छ विहा गर्न । साल भर वर गरे कठिनै छ तर्न ॥ पर्वत, नदी, विच्मा परे, शंकट भए केही । शास्त्र पनी गर्नु भन्ने बचन् दिन्छ तेही ॥

[१४]

एकै पेटे छोरा छोरी भए देखि याहाँ । गर्नुहुन्न ब्रतबन्ध एकै साल माहाँ ॥ छोरी छोरी, छोरा छोरा भए पनि कोही । विहा, उपनयन, रोक्नै पर्छ ग्रन्थि सोही ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

[१५]

एकै आँमा यसो गर्दा आपत् आइ पर्छ । कल्याणका ठाउँ महाँ अकल्याण गर्छ ॥ वेग्लै आमा भए देखी छ मैना-मा गर्नू । पाप देखि ताप देखि, साँदै पर्छ डर्नू ॥

[१६]

एकै वर्ष अघी घर तय्यार् गरि याहाँ । ब्रतबन्ध विहा गर्नु हुन्न त्यसै माहाँ ॥ छोरा लाइ विहा गरी, त्यस्का पछि बाट । छोरी लाइ विहा गर्न, वेदै गर्छ काट ॥

[१७]

कन्न्या लाइ दिइ शकी, गर्न खोजे याहाँ । पुत्र लाइ हुनशक्छ, गर्नु लोक माहाँ ॥ एकै आँते भए देखी येही पनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन्न । उत्तम् गरि मध्यम् गर्न केही पनि जान्न ॥

[१८]

तीन पुस्ताका दाज्यू भाई भए पनि याहाँ । तीन्टा शुभ गर्नुहुन्न काम छ मास माहाँ ॥ वास्तु प्रतिष्ठाको पनि कर्म गर्न लाई । छ मैन्हाका पछी गर्नु गर्ने मौका पाई ॥

[१९]

बीच माहाँ सम्बत् परे, गर्नु हुन्छ गर्नू । मिच्याञ्जिले गर्दाहुँदी पर्छ नरक् पर्नू ॥ एकै आँतका भए पनी यस्मा निषेध छैन । शास्त्र मिच्यो भनि कोही भन्न पाउ दैन ॥

[२०]

अप्रजायां तु कन्यायां नाश्नीयात् ताज्य वै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गृहे । ब्रह्मदेयां नवै कन्न्या दत्वाश्न यात्कदाचन ॥ अथ भुञ्जीत मोहाच्चेत्पूयार्शे नरकं बसेत् । अपगर्के आदित्य पुराणे ॥

कन्न्या लाई बेचे सरि खर्च लिन्छ जस्ते । कुम्भिपाक नरकमा पर्नु पर्छ त्यस्ते ॥ कन्न्याको धन् खाए पिएकैले नाशपार्छ । संसारमा त्यहि पुरुष् धर्मलाइ शंहार्छ ॥

[२१]

छोरो भई पुन्नामको नरक् लाइ तार्छ । सन्तानको ज्वाला समेत् काम गरि टार्छ ॥ छोरो पनी कुलै लाइ तार्न जन्म लिन्छे । आफ्नो सन्तान् पैदागरि असल गतिदिन्छे ॥

[२२]

न छुने भै कन्न्या भने विवाहका दीन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दुलाहाले हुँदैहुन्न त्यस्तो दीन लीन ॥ चार्दिन कपालू न्वाहि ग रि स्वस्ति शा-न्ति। पांच दिनमा कन्न्या लिनु छोडी सबै भ्रान्ति ॥

[२३]

आमा चाहिं न छुने भै केहि गरि ताहाँ। शान्ति स्वस्ति गरि गर्नु आभिर् परे माहाँ ॥ यो सब कर्म गरे हुँदि यस्ले कल्याण गर्छ। नत्र भने वर चाहिं छ मैन्हैमा मर्छ ॥

[२४]

आमा स्वास्नि न छुने भै यात्रा गर्दा पनी। आपत्हरू आइ लाग्छ पापले खनी खनी ॥ आखिर् परि गर्नै परे, विधि सित याहाँ। श्री सूक्तले पूजा गर्नु सुन्का मूर्ति माहाँ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

[२५]

रजस्वला छोरि भए बिहा देखि यता । प्रायश्चित्त गर्नु पर्छ बुझि जता तता ॥ यो काम्लाई छोडि दिएधर्म जान्छ छोडी । छोरी पनी वृषली भै बस्छे नाता जोडी ॥

[२६]

गोदान् गर्नु होम गर्नु विधान् हेरि हेरी । अन्न वस्त्र सुन चांदि दान दिनु फेरी ॥ कन्न्या लाइ तीन् दीन् सम्म दुदै मात्र दीनु । कुष्माण्डले होम गरि, शुद्धभाव लीनु ॥

[२७]

यज्ञो भित्र नछुने भै कन्न्या भने ताहाँ । पाँचौ दिन सम्म बस्नु त्यस्कै घर माहाँ ॥ शान्ति स्वस्ति सबै गरि गर्नु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

काम काज। बखतमा मान्नु हुन्न कहीं पनी लाज॥

[२८]

विहा गर्दा हेरि बुझि गरे हुदि याहाँ। कैल्ये पनी धोका हुन्न व्यवहार माहाँ॥ छोरी दिंदा छोरी लिदा नीच मार्छ जस्ले। बदनामिका साथै साथ पाप भोग्छ त्यस्ले॥

[२९]

ज्ञानो, रोगी, क्रोधि, दुखो, बेइमान, लण्ठ। जड, निन्दित, नपुंसक लाटो, अन्धो शण्ठ॥ बेइलिमि, पापि, खुनि, बुढो, गरीब लुच्चो। चोर, छलि, निर्धों, वैहो, महारोगि, छुच्चो॥

[३०]

छोरि दिदा यस्तो छानी जस्ले दिन्छ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छोरो । आखिरमा पाप बोकूछ हाँस्न लाग्छन् ॥ जोरी गुणि, पण्डित, सन्त, वैष्णव, राम्रो, ज्वान् हेर्नु । छोरो दिई, व्यवहारको असल् स्वाद फेर्नु ॥

[३१]

कन्न्यालाइ बेच्नेहरू सोझे नरक् पर्छन् । अन्त्यकालमा जल सम्म न पाएर मर्छन् ॥ कन्न्यादान विधिसहित जो जो यहाँ गर्छन् । पुण्य धेरै सञ्चित गरी आखिर तिनै तर्छन् ॥

[३२]

शील स्वभाव, बेसहुने बन्या हेरि लीनू । घर ल्याई छोरि जस्तै जानि शिक्षा दीनू ॥ अन्यायले चित्त तिनको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दुख्यो भने केही। नरक तिर लाने बाटो बनाऊँछ तेही॥

[३३]

काश्यपले शाकल्यले कात्यायन्ले याहाँ। जो जो बचन् लेखि दिए आफ्नो शही माहाँ॥ हाम्रो मार्ग त्यहि बुझि त्यही पक्री लिनू। विधि आफ्नो शोची बुझि कन्न्यादान दीनू॥

[३४]

सगोत्रिको सबै भन्दा ठुलो याद राख्नू। अमृतलाई पर सारी हलाहल् न चाख्नू॥ छोरि परोस् असल ठाम्मा भन्ने विचार गर्नु। असल् गरि संसार लाई पर्छ सबूले तर्नू।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

[३५]

पाप देखि डराउने धर्म गर्छन् जम्मा । धर्म भए सुयशको आफैं गड्छन् खम्मा ॥ खम्मा बढि सूर्यबिम्ब जान सक्छ फोरी ॥ बिम्ब भई बस्न मिल्छ उही नाता जोरी ॥

इति श्री थरगोत्रप्रवरावलि समाप्तम् ।

यावत् माल मगाउने ठेगाना—
सुब्बा होमनाथ केदारनाथ,
हितैषी कम्पनी, पो. बा. नं. ८१ वाराणसी ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF - Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal



Printed at the New Indian Art Press, 30, Hathi Khana, Bahadurgarh Marg, Delhi-6
Aug. 1971 10000 Copies

CC-0. Digitized by eGangotri and MHRD, Delhi
Jayatu Sanskritam, Kathmandu, Nepal